# नगर सन्देश

नगर सन्देश वा:पौ (साप्ताहिक)

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक १५ ● ने.सं. ११४० चिल्लाथ्व पारू ● वि.सं. २०७६ फागुन १२ गते, सोमबार ● 2020 February 24 Monday ● पृष्ठ ८


## अन्तरनगर एथ्लेटिक्स प्रतियोगितामा

# कीर्तिपुर नगरपालिका प्रथम







भक्तपुर नगरपालिकाद्वारा सहिद दिवसको अवसरमा आयोजित अन्तरनगर एथ्लेटिक्स प्रतियोगितामा कीर्तिपुर नगरपालिकाका धर्म महर्जन र शकुन्तला ठगुन्ना प्रथम हुनुभएको छ।

शनिवार भएको प्रतियोगिताको १० हजार मिटर दौडमा पुरुषतर्फ धर्म महर्जन प्रथम हुनु भएको थियो भने चांगुनारायण नगरपालिकाका सागर श्रेष्ठ द्वितीय र भक्तपुर नगरपालिकाका सुरेन्द्र ग्वाछा तृतीय हुनु भएको थियो । त्यसैगरी १० हजार मिटर महिला दौडमा कीर्तिपुर नगरपालिकाकै शकुन्तला ठगुन्ना प्रथम एवं भक्तपुर नगरपालिकाका स्वस्तिका कर्माचार्य द्वितीय र ललितपुर महानगरपालिकाका निशा थापा तृतीय हुनु भएको थियो। शनिवारै भएको ५ हजार मिटर दौडमा कीर्तिपुर नगरपालिकाका रामकृष्ण महर्जन भने पाँचौं हुन भएको थियो।

११ गते आइतबार भएको ज्याभलिङ्ग थ्रो प्रतियोगितामा पनि कीर्तिपुर नगरपालिकाकै शकुन्तला ठगुन्नाले नै प्रथम स्थान हासिल गर्न सफल भएको थियो।

फागुन ८ गते देखि शुरुभएको उक्त एथ्लेटिक्स प्रतियोगिता फागुन १२ गते सम्म हुनेछ। १२ गते हुने फुल म्याराथन र हाफ म्याराथन प्रतियोगितामा पनि कीर्तिपुर नगरपालिकाको तर्फबाट धर्म महर्जन र शकुन्तला ठगुन्नाले भाग लिंदै हुनुहुन्छ।

दौड प्रतियोगितामा कीर्तिपुर नगरपालिकाबाट भाग लिएका राधा श्रेष्ठले भने प्रतियोगिता बिचमै त्याग्नु भएको थियो।

प्रथम हुने महर्जन र ठगुन्नालाई कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले बधाइ ज्ञापन गर्नुभएको छ।

# सम्पादकीय

## नेपाली खेलकुद्मा कीर्तिपुरको अर्को सफलता

नेपाली खेलकुद्को इतिहासमा कीर्तिपुर नगरपालिकाले पृथक पहिचान बनाएको हामी सबैलाई विदित छ नै। विगतमा विभिन्न कालखण्डमा कीर्तिपुरले खेलकुद्का विभिन्न विधामा जिल्ला स्तरीय, काठमाडौं उपत्यका स्तरीय, राष्ट्रिय स्तर तथा अन्तर विद्यालय तहका मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत उत्कृष्ट नतिजा ल्याउने गरेको थियो। यसरी नै सफलता प्राप्त गर्ने क्रममा यस पटक भक्तपुर जिल्लामा भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तरनगर एथ्लेटिक्स प्रतियोगितामा पुरुष तर्फको १० हजार मिटर दौड प्रतियोगितामा कीर्तिपुर नगरपालिकाको प्रतिनिधित्व गर्दै श्री धर्म महर्जनले प्रथम स्थान हासिल गर्नु भएको छ। त्यस्तै सोही प्रतियोगिता अन्तर्गतको महिला तर्फको १० हजार मिटर दौड र ज्याभलिङ्ग थ्रो प्रतियोगितामा कीर्तिपुरकै चेली सकुन्तला ठगुन्नाले प्रथम स्थान नै प्राप्त गर्नु भएको छ। यस सफलताका लागि दुवै खेलाडीहरूलाई कीर्तिपुर **नगर सन्देश** परिवार हार्दिक बधाइका साथै उहाँहरूलाई सो प्रतियोगितामा सहभागी हुने वातावरण तयार पारिदिने महानुभाव तथा सहभागी हुन अनुमति दिने नगरपालिकालाई धन्यवाद् ज्ञापन गर्दछ।

नगरपालिकामा वर्तमान नेतृत्व आएपछि विगतका वर्षदेखि नै कीर्तिपुर नगरपालिकाले मेयर खेलकुद् कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस मेयर खेलकुद् कार्यक्रम अन्तर्गत भलिबल, चेस, ब्याडमिण्टन, टेबलटेनिस जस्ता खेलकुद्का लोकप्रिय विधामा प्रशिक्षण तथा प्रशिक्षण पश्चात प्रतियोगिताहरू आयोजना गर्दै आइरहेको छ। यसवर्ष केही थप विधामा पनि प्रशिक्षण अगाडि बढाउने कीर्तिपुर नगरपालिकाको योजना रहेको छ। आज कीर्तिपुर नगरपालिकाले देशव्यापि अन्तरनगरपालिका एथ्लेटिक्स प्रतियोगिता अन्तर्गत दौड र ज्याभ्कलिङ्ग थ्रो प्रतियोगितामा प्राप्त गरेको सफलता जस्तै आगामी दिनमा वर्तमानमा मेयर खेलकुद् कार्यक्रम अन्तर्गत प्रशिक्षण सञ्चालन गरिएका खेलकुद्का साथसाथै अन्य विधामा पनि र ाष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितमा पनि सफलता प्राप्त हुने आशा गर्न सकिन्छ। यी र यस्तै कार्यक्रम सञ्चालन र प्रतियोगिताहरूमा नगरपालिकाका तर्फबाट हुने सहभागिताले एकातर्फ कीर्तिपुरको पहिचान उजागर हुनेछ भने कीर्तिपुरमा रहेका प्रतिभाहरूको पनि प्रस्फुटन हुनेछ।

अन्त्यमा मेयर खेलकुद् कार्यक्रम र यस कार्यक्रम अन्तर्गत प्रशिक्षण प्राप्त खेलाडीहरूले भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाहरूमा उल्लेख्य सफलता प्राप्त गरून्। त्यसो हुन सकेमात्र आजको कार्यक्रमको महत्त्व देखिनेछ। हाम्रो तर्फबाट कार्यक्रम र सम्पूर्ण प्रशिक्षार्थीहरूमा पूर्ण सफलताको शुभकामना!

# ‘कीर्तिपुरको त्यो एक चोक, तुँचोक’

**प्रेमकृष्ण श्रेष्ठ**

“समय जति निष्ठुर के छ र,मेरो बाल्यकाल खोसेर
बदलामा जवानी दिई, म चोकको राजालाई, दास बनायो”

धेरै लेखकले विश्व लेख्यो, देश लेख्यो, प्रदेश लेख्यो, अञ्चल, जिल्ला, गाउँ र शहर लेख्यो। विराट कल्पनामा कल्पिन सक्नेले पूरै अमेरिका लेखून्, रसिया, चीन, जापान वा अरु कुनै देश लेखून्। तर, यतिबेला मेरो लेखकीय मानसपटलमा मात्र एउटा चोक अटाएको छ। कीर्तिपुरको बाहिरीगाउँमा अवस्थित सानो एक चोक, अर्थात ‘तुँचोक’। तुँ यानी इनार र इनार भएको चोक भएकोले तुँचोक। म सानै लेखक सानै सोचाइ। यो भौगोलिकरुपमा विराट चोक पनि होइन। यहाँ इतिहासको कुनै कालखण्डमा कुनै कोटपर्व पनि भएको छैन। यसैले इतिहासको कुनै पानामा लेखिन योग्य पनि छैन यो चोक, किनभने यहाँ त्यस्तो सम्झन योग्य कुनै घटनाको उतारचढाव छैन। तर मेरो जीवनको अन्तिम क्षणसम्म पनि सम्झिरहन्छु यस्लाई, कारण, मेरो सिङ्गो बाल्यकाल यही ‘तुँचोक’सित जोडिएको छ।

म हजारपटक खेलेको छु यो चोकमा, लडेको छु, लडेर उठेको छु। यो चोकको माझमा उभिँदा आज पनि म थुप्रै मेरा बाल्यकालका हितैषी साथीहरू सम्झिरहन्छु, श्रवणकुमार, सुमन, बिनेश, हरिकृष्ण, सञ्जय, केविन्द्र, जेनर आदि इत्यादि। यो चोकमा आएर मलाई बोध भयो, साँच्चै भन्ने हो भने हिजोको धर्ती बाँकी छ न आकास नै। साथीको पिठ्यूँमा बसेर आकासमा हेर्दै साथीले आकासमा के के भनेर सोध्दा बुढाबुढी छ भनेर देख्ने त्यो आँखा पनि कतै मरिसकेका छन्। ती अमूल्य ढुङ्गाहरु जस्ले हाम्रो गरिवी पहिचान गरी, कैयन खेल खेलाइयो। हामीलाई सायद् अब ती ढुङ्गाहरू बाटोको छेउछाउतिर कतै अलपत्र छ। ढुङ्गालाई हीरा मानेर, खेल्नेहरु कोही छैनन्। आजका बालबालिकाले ढुङ्गा खेलेको देखिँदैन। उनीहरू भोगटेमा फुटबल देख्दैनन्। कपडाको सानो टालोमा पनि एउटा मीठो र स्वर्गीय खेल छ भनेर आजका बालबालिकाले भुलिसकेका छन्। यसैले त यो चोकमा कोही बालबालिका खेल्दैनन् आज। शुन्यप्रायः छ त्यो चोक आज। यही चोकको वीचमा एउटा गहिरो इनार छ, त्यो इनारको ऐना फुटिसकेको छ आज, जहाँ आफ्नो प्रतिविम्व खोज्दै गरेको कोही बालक देखिँदैन।

अहिलेका बालबालिका त पूरै मोवाइलमा खुम्चिसकेका छन्। के बुझून् तिनीहरूले यो चोकको महत्त्व ? मलाई किन किन यो चोकको सारै माया लाग्छ, यही चोकमा बसेर घाम तापेर आमाको सुकोमल हातबाट तेल लगाएको छु। यहीँ एउटा पुरानो घरको आँखिझ्यालका कैयन आँखासित नजिकै गएर आँखा जुधाएको छु। यहीँको इनारमा प्यास लाग्दा कैयनपटक पानी खाएको छु। आज यो चोकको स्वरुप फेरिएको छ। आज यो चोकबाट ‘चोक’ हराइसकेको छ। पुराना घरको ठाउँमा नयाँ सिमेन्टका घरहरू उम्रिसकेका छन्। यो चोकमा जीवन विताएकाहरू पनि आज कोही कता छ त कोही कता। यो त भयो प्रतिनिधि चोकको एक कथा। नेपालका गाउँहरूमा यस्ता चोकहरू लाँखौ होलान्। जस्ले बालक्रिडाको निम्ति आफ्नो छाती टेकाए। हजारौं इनार होलान्, जस्ले बालबालिकाको निम्ति सदैव आमाले जस्तै आफ्नो ममतालु छाती रसाए।

### मेरो धारणा



**आज यो चोकको स्वरुप फेरिएको छ। आज यो चोकबाट ‘चोक’ हराइसकेको छ। पुराना घरको ठाउँमा नयाँ सिमेन्टका घरहरु उम्रिसकेका छन्।**

मलाई लाग्छ, विश्वको जुनसुकै कुनामा रहेका हामी सबै नेपालीको जीवनमा यस्तै यस्तै चोक जोडिएको हुनुपर्छ। चोक नै नभए पनि गाउँकै एउटा यस्तो स्मरणीय विम्व त अवश्य जोडिएकै हुनुपर्छ। हामी सबै आज विकासका ठूल्ठूला कुरा गर्छौं। काठमाडौंमा बसेर, समृद्ध देशको नारा लगाउँछौं। तर विकासको शुभारम्भ यस्तै सानो एक चोकमा गमला राखेर, गमलामा एक थुँगा फूल फुलाएर गर्ने हो। विकास त आफ्नै गाउँको सानो चोकबाट शुरु गर्नुपर्छ। आफ्नो भावना भन्दा परको देश उचालेर छातीमा राख्ने प्रयत्न नगरौं। देशको भावना, गुरुले सानो हुँदा सिसाकलमले पानामा लेखिदिएको मानचित्रको साइजमा छैन। देश विराट छ। यही देशमा हजारौं मानिसले प्रशष्ट पेट खाएर डकारिरहेको बेला, लाखौं मानिसले भोकले पेट थिचिरहेका छन्। तर चोकभित्रका पच्चीस, तीस मानिसको ओठमा हामीले सजिलै मुस्कान सल्बलाउन सक्छौं। यदि कोही ठूलै नेता जो देश विकासको ठेक्का लिएको छ, उस्ले देशको लागि के गर्न सक्छ भनेर हेर्ने हो भने, उस्को बाल्यकाल बितेको चोकमा गएर हेरे पुग्छ। यदि उस्को चोक दयनीय छ भने त्यो नेताले देशको लागि केही गर्नेवाला छैन। जस्ले आफ्नै बाल्यकाललाई धोका दिएको छ उस्ले कस्लाई साथ देला र ? त्यसैले विकासको शुरुवात गरौं, आफ्नै चोकबाट। शुरुमा आफ्नै चोकको वरिपरि गमलाहरू सजाऔं। गमलामा विभिन्न प्रजातिका फूलहरु रोपौं। चोकबाट गाउँ, गाउँबाट देशको निम्ति उत्सर्ग गर्ने हो। आफ्ना पूराना भावनालाई आँसुका दुईथोपा समर्पण नगरी, हामी आफ्नो गाउँको निम्ति केही पनि गर्न सक्दैनौं। आज झिलिमिली शहरमा बसेर, झुत्रो त्यो गाउँलाई मेरो गाउँ हो भन्न पनि लाज मान्नेहरू आमाको फाटेको पछ्यौरीको प्वालबाट थुतुनो छिराएर स्तनपान गरेर कुल्ला गर्ने शिशुसमान हुन्। अब बेला आएको छ, आफ्नो चोकको निम्ति, गाउँको निम्ति केही गर्ने। सबैले थोरै भए पनि आ-आफ्नो चोक सजाऔं। यस्तै टुक्रा-टुक्रा सज्जामा, सिङ्गो गाउँ सजिएर, सिङ्गै देश आफै सजिन्छ।

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# प्राइमरी एजुकेशन प्रोग्राम (पिइपि) कीर्तिपुरको

# १२ औं वार्षिक दिवस सम्पन्न

प्राइमरी एजुकेशन प्रोग्राम (पिइपि) को १२ औं वार्षिक दिवस (एनिभर्सरी) शनिवार सम्पन्न भएको छ। कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन र जर्मन नागरिक विल्फ्रेडले पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नुभएको हो । जर्मन नागरिक विल्फ्रेडले १२ वर्ष अगाडिदेखि कीर्तिपुर नगरका गरीब तथा जेहेन्दार विद्यार्थीहरूलाई आर्थिक सहयोग गर्दै आइरहनु भएको हो।

कीर्तिपुरको होटल हिलसाईडमा भएको कार्यक्रममा हालसम्म सहयोग प्राप्त गरिरहेका ७५ जना विद्यार्थी र अभिभावकहरू, स्कुलका प्रधानाध्यापकहरूका साथै अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो। प्राइमरी एजुकेशन प्रोग्राम भनेपनि हाल आएर एसएसपि (स्टडी सपोर्ट प्रोग्राम) भनेर स्नातक तहसम्मका लागि पनि सो सहयोग गर्ने गरिएको छ।

पिइपिसँग सहकार्य आफू मेयर हुनुभन्दा पहिले तात्कालिन हिल-टाउन स्कुलको प्रधानाध्यापक हुँदादेखि नै भएको उल्लेख गर्नुहुँदै प्रमुख अतिथि मेयर महर्जनले विल्फ्रेडले पहिले पहिले आफूसँगको भेटमा कीर्तिपुरमा केही गर्छु भन्नुभएको बताउनुभयो। जर्मनमा हुर्केर पनि आफ्नो जीवनको उत्तरार्धमा केही गर्छु भनी जर्मनमा पैसा सङ्कलन गरी कीर्तिपुर रोज्नु कीर्तिपुरबासीकै लागि खुसीको कुरा भएको उहाँले बताउनुभयो। हामी यहीँ बसेर पनि गर्न नसकेका कुरा उहाँले गरेकोले अरुहरू पछिका विद्यार्थीहरूले समेत सहयोग पाऊन् भनी हामी सबैले ७७ वार्षिय विल्फ्रेडको लामो आयुको कामना गर्नु पर्ने मेयर महर्जनले बताउनुभयो।

सहयोग पाइरहेका विद्यार्थीहरूले आफ्नो जीवनमा भगवान नै आएको भन्दै विल्फ्रेड सबैको प्रेरणाका श्रोत भएको बताएका थिए। कार्यक्रममा विद्यार्थीहरूले विल्फ्रेडलाई पनि विभिन्न उपहारहरू प्रदान गरेका थिए।

पिइपिमा शुरुदेखि अध्यक्षको जिम्मेवारी सम्हाल्दै आइरहनुभएका माधवलाल महर्जनले नेतृत्व हेरफेर गर्नुपर्ने भन्नुहुँदै अबदेखि अध्यक्ष नन्दकुमारी महर्जन (नानी मिस) ले सम्हाल्नेकुरा बताउनुभएको थियो। विल्फ्रेडसँगको पहिलो भेटदेखिको कुरा बताउनुहुँदै महर्जनले पिइपिको १२ वर्षसम्ममा आफूले गरेको कामहरूको बारेमा छोटकरीमा राख्नुभएको थियो भने विल्फ्रेडले विद्यार्थीहरूलाई सहयोग गर्ने वातारवणको बारेमा प्रष्ट पार्नुभएको थियो।







कार्यक्रममा नन्द कुमारी महर्जन (नानी मिस) ले आफूहरू विल्फ्रेडकै निमन्त्रणामा जर्मन गएको र त्यहाँ विल्फ्रेडले दाताहरू जम्मा गरी आर्थिक सहयोग सङ्कलन गरेको देखेको र विल्फ्रेडले साँच्चैनै कठीन कामहरू सहजढङ्गले गरिरहेको बताउनुभयो।

जर्मन नागरिक भएकोले दाता विल्फ्रेडलाई जर्मन बाजे पनि भन्ने गरिन्छ। उहाँले प्राइमरी एजुकेशन प्रोग्राम पिइपि भनेर शुरु गरेको भएपनि हाल आएर एसएसपि (स्टडी सपोर्ट प्रोग्राम) स्नातक तहसम्मका लागि सहयोगको लागि अपनाउनुपर्ने विभिन्न बुँदाहरू प्रस्तुत गर्नुभएको थियो भने त्यसको अनुवाद प्रा.डा. रामकृष्ण महर्जनले गर्नुभएको थियो।

पिइपिका विजय महर्जनले स्वागत गर्नुभएको कार्यक्रममा कृष्ण भोला महर्जनले सञ्चालन गर्नुभएको थियो।

# ख्वना महोत्सवय् किपू अवलोकनया लागि इनाप




किपू नगरपालिकाया मेयर रमेश महर्जनं किपू महोत्सव स्वः भ्रायेत इनाप यानादीगु दु। फागुन ९ गतेनिसें न्ह्याःगु ऐतिहासिक नेवाः वस्ति ख्वना महोत्सव अवलोकन यायेगु झ्वलय् फागुन १० गते शनिवाः मेयर महर्जनं ख्वना महोत्सव सुथां लायेमा धकाः भिंतुना बियादिसें किपुलिई नं थ्वहे वइगु २०७७ सालया बैशाख १६ गतेनिसें २० गते तक किपू नगरपालिकाया ग्वसालय् जुइगु “किपू महोत्सव” स्वःभ्रायेत सकलसित इनाप यानादीगु खः।

# वडा नं. ९ य् जनता थःम्हं हे लँ ढलान यात



किपू नगरपालिका वडा नं. ९ , तःधंख्यः मार्गं काःरःतगिं वनेगु लँ जनता थःपिंसं हे ढलान याःगु दु। १३ फुटया लँय् आःयात १० फुट जक ब्यायानां थ्यंमथ्यं १५० मिटर लँ ढलान याःगु खः। ६ खा छेँ व ५ म्ह जग्गा थुवाः मिलेजुयाः थ्व लँ ढलान याःगु खः।

किपू नगरपालिकाय् लँ तःब्या यायेमते धकाः डेलिगेसन वयाच्वंगु इलय् नगरपालिकाया बजेट हे मदुथाय् जनता स्वयं जागरुक जुयाः थःत माःगु लँ थःपिं हे मिलेजुयाः दयेकूगुलिं वडाअध्यक्ष गंगाराम महर्जनं थ्वपाखें मेपिंसं नं प्रेरणा कायेमाःगु धयादीगु दु। स्थानीय जूवम्ह जीवन अर्यालया कुतलय् फागुन ११ गते आइतवाः थ्व लँ ढलान यायेगु ज्या जूगु खः।

# कीर्तिपुर नगरपालिका
# नगर कार्यपालिका कार्यालयको
# सूचना

प्रस्तुत विषयमा गोदावरी नगरपालिकाको आयोजनामा मिति २०७६ चैत्र ६ गते देखि १४ गते सम्म हुन गैरहेको **उपत्यका व्यापी प्रथम मेयर कप खुला पुरुष फुटबल प्रतियोगिता–२०७६** मा यस नगरपालिकाको तर्फबाट पनि एक टोली समावेश गराउने योजना अनुरुप ईच्छुक नगरवासी फुटबल खेलाडीहरूलाई नागरिकता प्रमाण पत्रको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो सहित यही २०७६ फागुन १८ गते भित्र सामाजिक विकास शाखामा सम्पर्क राख्न हुनको लागि यो सूचना प्रकाशित गरिएको छ। साथमा फुटबल खेलसँग सम्बद्ध भएको मान्यता प्राप्त संस्थाबाट प्रदान गरिएको प्रमाण पत्र वा कागजात समेत पेश गर्नुहुन अनुरोध छ।

**सम्पर्क व्यक्ति**

- **अनुज प्रधान, फोन नं. ९८४१२६७७०७**
- **ईची महर्जन :– ९८०३०४०१००**

## कीर्तिपुर नगरपालिका
## देवढोका, कीर्तिपुर

# सामाजिक सुरक्षा भत्ता भुक्तानी सम्बन्धी सहलह



नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागया ग्वसालय् विद्युतिय माध्यमं सामाजिक सुरक्षा भत्ता भुक्तानी सम्बन्धी छगू सहलह ज्याभ्भ्वः जूगु दु।

फागुन ५ गते सोमबाः किपू नगरपालिकाया न्हूगु भवन अमल्सिइ जूगु उगु ज्याभ्भ्वलय् किपू नगरपालिकाया मेयर रमेश महर्जनया नायःसुइ जूगु खः। ज्याभ्भ्वलय उपमेयर सरस्वती खड्का, बरिष्ठ लेखा अधिकृत सानुबाबु परियार, लेखा अधिकृत मित्रप्रसाद घिमिरे, सूचना प्रविधि अधिकृत परशुराम चौलागाईं, पञ्जिकरण शाखाया प्रमुख शारदा कँडेल, एमएसआई अपरेटर सञ्जिता लामा, रोनेट महर्जन, फिल्ड एसिष्टेण्ट पुजा रोक्काया लिसें राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागयापाखें निर्देशक हिरादेवी पौडेल, शाखा अधिकृत सावित्रा बस्नेत व कार्यक्रम अधिकृत राजेन्द्र बुढाथोकीया ब्वति दुगु खः।

किपू नगरय् सामाजिक सुरक्षा भत्ता बियाच्वंगु ५ गू बैंकत कृषि विकास बैंक, एभरेष्ट बैंक, सिभिल बैंक, एन.आई.सी. एशिया बैंक व नेपाल ईन्भेष्टमेण्ट बैंकया शाखा प्रवन्धक लिसें प्रतिनिधिपिंसं नं उगु सहलह ज्याभ्भ्वलय् ब्वतिकयादीगु खः।

सहलह ज्याभ्भ्वलय् किपू नगरपालिकां यैं जिल्लाय् हे न्हापांखुशि वि.सं.२०६६ सालंनिसें हे बैंकपाखें लक्षित वर्गया नामय् बैंक खाता चायेका सामाजिक सुरक्षा भत्ता बियावयाच्वंगु व चालु आर्थिक दँनिसें स्वदँया लागि सम्भौता याना कार्यान्वयन समेत जुयाच्वनेधुंकूगु जानकारी बियादीगु खःसा आःवयेफुगु छुं छुं समस्याया बारे अन्तर्क्रिया समेत जूगु खः।

# वडा नं. ३ य् लँ व साइड ड्रेन दयेकीगु

किपू नगरपालिका वडा नं. ३ य् च्वंगु चाफःया तुलसी देगलं निसें पाघुतकया लँय् ल्वहँतंसिया साईड ड्रेन दयेकेज्या जुयाच्वंगु दु। कान्छा शाहीया नायःसुइ उपभोक्ता समिति दयेका उगु ज्या न्ह्याकाच्वंगु खः।

कूल ल. ई. १५,४८,५४४।- तका खःसा नगरपालिकापाखें १२,३८,८००।- तका वइगु व बाँकिगु ३,०९,७४४।९९ तका उपभोक्ता समितिं तयेमाःगु धाःगु दु। थुकिया लागि वंगु २०७६ पुष १४ गते नगरपालिकाय् सम्भौता याना ज्या न्ह्याकाच्वंगु खःसा वइगु २०७६ चैत्र ३० गतेदुने दक्वं ज्या क्वचायेकीगु धाःगु दु।






७० औं प्रजातन्त्र दिवसको उपलक्ष्यमा बुधबार काठमाडौंको सैनिकमञ्च टुँडिखेलमा आयोजिक कार्यक्रममा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्काका साथै कर्मचारीहरू नेवाः समुदायको मौलिक बाजा बाँसुरी बाजासहित सहभागी हुँदै। *तस्बिर : ज्ञानकुमार महर्जन*

---

*"साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त, शैक्षिक एवं पर्यटकीय शहर*
*स्वच्छ हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर "*

# सम्पूर्ण नगरबासीहरूमा अनुरोध

- नगरपालिकाको अनुमति लिएर मात्र भवन निर्माण गरौं। भूकम्पीय प्रतिरोधात्मक पूर्वाधार/संरचनाको निर्माण गरौं।
- आफ्नो टोल, चोक, घर, आँगन हामी आफैंले सफा सुग्घर राखी सभ्यताको परिचय दिऔं।
- आफ्नो घर अगाडिको सडक तथा फुटपाथमा निर्माण सामग्री तथा अन्य कुनै पनि सामान नराखौं।
- बालश्रम प्रयोग नगरौं।
- नगरपालिकालाई बुझाउनु पर्ने कर, सेवा शुल्क समयमै बुझाऔं।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइ सराइ, सम्बन्ध विच्छेद, मृत्यु) को ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गराई प्रमाण-पत्र लिऔं।
- नगरपालिका कार्यालय प्रति केही गुनासो भए नगरपालिकाको कार्यालयको ध्यानाकर्षण गराऔं।
- संस्थाहरू सञ्चालन गर्न कोठा भाडामा लिंदा घरको नक्सा पास भए नभएको र घर कर तिरेको वा नतिरेको हेरौं।

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

देवढोका, कीर्तिपुर, फोन : ४३३१९६३, ४३३१११०, फ्याक्स : ४३३१३८१
वेबसाइट : www.kirtipurmun.gov.np

# क्रिष्टलबाट बन्ने सामाग्री बनाउने तालिम सम्पन्न

कीर्तिपुर नगरपालिका वडा नं. ५ को आयोजनमा सञ्चालन भएको क्रिष्टलबाट बन्ने सामान बनाउने तालिम सम्पन्न भएको छ । तालिमको समापन समारोहमा सहभागीहरूलाई प्रमुख अतिथि कीर्तिपुर नगर पालिकाका उपमेयर सरस्वती खड्काले प्रमाण पत्र वितरण गर्नुभएको थियो।

वडा नं. ५ स्थित श्रीकृष्ण प्रणामी सेवा समितिको भवनमा भएको समापन समारोहमा प्रमुख अतिथि उपमेयर खड्काले क्षमतावान हुँदाहुँदै पनि महिलाहरू पछाडि सकिने र हाल पनि त्यहाँ कीर्तिपुर नगर पालिकाका १६ जनाले तालिम लिइरहेको उपमेयर खड्काले बताउनुभयो।

कार्यक्रममा तालिमका संयोजक तथा वडा सदस्य पवित्रा विष्टले तालिमबाट जिविकोपार्जन गर्न सहयोग हुने समेत बताउनुहुँद धैरै उपलब्धी भएको साथै अझ थप महिला लक्षित सीपमूलक तालिमहरू उपलब्ध गराइदिनुहुन अनुरोध गर्नुभयो।

सहभागी प्रशिक्षार्थीले महिला लक्षित तालिम संचालनले अति नै खुशी बनाउको र



परिरहेकोले यस्ता तालिमहरू लिई सीप सिकेर सिकेको सीपलाई व्यवहारमा लागु गर्ने काम गर्नु पर्ने बताउनु भयो । हाम्रो पितृसतात्मक सामाजिक संरचनाले पनि महिलाहरू पछाडि परिरहेको हुन सक्ने उल्लेख गर्नुहुँदै उपमेयर खड्काले आफू स्वाबलम्बी हुन नसक्दा महिलाहरू पछाडि परिरहेको बताउनुभयो । विश्वविद्यालय पढेका मानिसहरू पनि बेरोजगार नै हुने भएकोले तिनीहरूले पनि कुनै काम गर्नुपर्‍यो भने कुनै न कुनै सीप सिक्नै पर्ने बताउनुहुँदै उपमेयर खड्काले समूहगत रुपमा आएको खण्डमा नगरपालिकाले पनि सहयोग गर्ने बताउनुभयो। कुनैपनि तालिम लिन कम्तिमा १० जनाको समुह भयो भने एडभान्स कोर्षको लागि भक्तपुरस्थित युसेपमा पठाउन स–सानो इच्छा र चाहनाका साथै अर्थोपार्जनका लागि पनि महत्वपूर्ण भएको तालिम दिलाई दिनुभएकोमा स्थानीय सरकार (वडा कार्यालय)लाई धन्यवाद् दिनुभयो।

कार्यक्रममा प्रमुख अतिथि उपमेयर खड्काले मुख्य प्रशिक्षक नानु महर्जनलाई पनि प्रमाण पत्र वितरण गर्नुहुँदै सम्मान गरिएको थियो भने आयोजकद्वारा प्रमुख अतिथिलाई तालिममा क्रिष्टलबाट बनेको सामान उपहार प्रदान गरिएको थियो । कार्यक्रमका सभापति तथा वडाअध्यक्ष राजेन्द्र महर्जनले धन्यवाद् दिनुभएको थियो भने वडाका सदस्य दिपेन्द्र विष्टको उपस्थितिमा वडाका सचिव चन्द्रमाया महर्जनले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# वडा नं. ४ का जेष्ठ नागरिकहरू लुम्बिनी भ्रमणमा



कीर्तिपुर नगरपालिका वडा नं. ४ का जेष्ठ नागरिकहरू ३ दिने धार्मिक भ्रमण गरी फर्केका छन्। वडा नं. ४ को आयोजनमा फागुन ८ गतेदेखि १० गतेसम्म धार्मिक भ्रमण भएको हो। भगवान गौतम बुद्धको जन्मस्थान लुम्बिनी, सास्वतधाम र देवघाटको भ्रमण गरिएको हो । भ्रमणदललाई फागुन ८ गते कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्का तथा महानगरीय प्रहरी वृत्त, कीर्तिपुरका ईन्चार्ज डिएसपि छेदिलाल कामतिले टीका, खादा ओढाई विदाइ गर्नुभएको थियो।

वडाका अध्यक्ष राजेन्द्र बाँनियाको नेतृत्वमा वडाका सदस्यहरूका साथै जेष्ठ नागरिकहरू ६५ जना र स्वयंसेवकहरू १५ जनाको टोली भ्रमणमा गएको थियो।

# जनचेतनामूलक कृषि बोर्ड राखियो




कीर्तिपुर नगरपालिकाको कृषि शाखाले कीर्तिपुरको पूर्वी सिमाना (लेवरेटोरी स्कुलबाट कीर्तिपुर जाने बाटो) मा जनचेतनामूलक बोर्ड राखेको छ। "घाटक विषादीको प्रयोग हटाऔं, जैविक विविधताको संरक्षण गरौं" भन्ने नाराका साथ विषादीले मानव शरीरमा पार्ने असरहरूको बारेमा चित्र अंकित बोर्ड राखेको हो। यस बोर्ड मार्फत जनताहरू विषादीयुक्त कृषिजन्य खानेकुरा प्रति सचेत हुने कृषि शाखा प्रमुख गणेश थापाले विश्वास व्यक्त गर्नुभयो।

# प्रथम त्याङ्लाफाँट ब्याडमिण्टन प्रतियोगिता सम्पन्न

कीर्तिपुर नगरपालिका वडा नं. १ स्थित त्यालँमा भएको प्रथम त्याङ्गलाफाँट ब्याडमिण्टन प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगिता समापन भए पश्चात कार्यक्रमका प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन तथा अथिति महानगरीय प्रहरी वृत्त कीर्तिपुरका ईन्चार्ज डिएसपि छेदिलाल कामतिले विजयी खेलाडीहरूलाई शिल्ड, प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गर्नुभएको थियो।

फागुन ६ गते देखि शुरु भएको प्रतियोगितामा दिनेश महर्जन र भिमप्रसाद चापागाईं समूह प्रथम भएको थियो भने कमल न्यौपाने र खड्कबहादुर शाहको समूह द्वितीय र शंकर वस्याल र कृष्ण प्रसाद ढुंगाना, राजु कँडेल र अनिल न्यौपानेको समूह तृतीय भएको थियो। प्रतियोगितामा म्यान अफ दि म्याचको उपाधि शंकर वस्याललेे प्राप्त गर्नु भएको थियो। प्रथम, द्वितीय र तृतीय भएकाहरूले प्राप्त गरेको नगद पुरस्कार भने सबैले आयोजक परिवारलाई नै हस्तान्तरण गर्नुभएको थियो।

पुरस्कार वितरण गर्नुहुँदै प्रमुख अतिथि मेयर महर्जनले कुनै पनि खेलका खेलाडीहरू निकै अनुशासित हुने कुरा बताउनुहुँदै आफूले प्राप्त गरेको नगद पुरस्कार समेत आयोजककै कोषमा रहने गरी हस्तान्तरण गरेको प्रति खुसी हुँदै यस्तो कुरा खेलाडीहरूले मात्र गर्ने बताउनुभयो। नेपालका उच्च तहका व्यक्तिहरूले समेत यी खेलाडीहरूबाट सिक्नु पर्ने कुरा बताउनुहुँदै मेयर महर्जनले नदेखिने गरी कमाएको पैसा फिर्ता गरी देशलाई समृद्धि बनाउन आग्रह गर्नुभयो।

महानगरीय प्रहरी वृत्तका ईन्चार्ज डिएसपि कामतिले खेलाडीहरू तन्दुरुष्ट हुने भएकोले योग समेत गर्नु नपर्ने कुरा बताउनुहुँदै योग गर्दा हुने फाइदा सबै खेल खेलेर नै प्राप्त हुने



भएकोले शरीर स्वस्थ भई मानसिक रुपले पनि स्वस्थ हुने कुरा बताउनुभयो। खेलाडीहरूले कुनैपनि अपराधका कार्यहरू गर्दैनन् भन्नुहुँदै उहाँले आफू पनि खेलाडी भएको बताउनुभयो।

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**आर्थिक प्रस्ताव खोल्ने सूचना**

**प्रकाशित मिति : २०७६/११/०४**

यस कीर्तिपुर नगरपालिकाको ठेक्का नं. KRM-24/076/077 को वडा नं. ६ स्थित चोभारमा ६ नं वडा कार्यालय भवन निर्माणका लागि मिति २०७६/०९/१४ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरु मूल्याङ्कन गर्दा तपसिलका बोलपत्रदाताहरुको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ को उपनियम (५) बमोजिम मिति २०७६/११/१२ गते अपरान्ह ४:०० बजे नगरपालिका कार्यालय भवन, वडा नं. २ देवढोकामा आर्थिक प्रस्ताव खोल्ने भएकोले उपस्थित हुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुको नाम, ठेगाना |
|---|---|
| १ | Babu Ratna Construction, ललितपुर महानगरपालिका वडा नं. - ९, खपिन्छे |
| २ | Pachali Bhairab/ L.N.M./ R.M Nirman sewa JV, कीर्तिपुर नगरपालिका वडा नं. २ |
| ३ | Marga Devi Nirman Sewa, वडा नं. २, बालकोट |
| ४ | Panchakanya Engineering Solution Pvt. Ltd., ललितपुर, कुपण्डोल |
| ५ | R.S Nirman sewa, काठमाण्डौं महानगरपालिका, जडिबुटी |
| ६ | Sunkoshi/Prajil JV, काठमाण्डौं महानगरपालिका, सहयोगिनगर |

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com